नेपाल सरकार
रक्षा मन्त्रालय
सिंहदरवार

## प्रेस विज्ञप्ति

माननीय उपप्रधानमन्त्री तथा रक्षा मन्त्री श्री ईश्वर पोखरेलज्यूसँग आज मिति २०७६ माघ ७ गते उहाँकै कार्यकक्षमा बेल्जियमका राजकुमारी HRH. Princess Astrid ले शिष्टाचार भेट गर्नुभयो । माननीय उपप्रधानमन्त्री तथा रक्षा मन्त्रीज्यूले बेल्जियमकी राजकुमारीलाई आफ्नो कार्यकक्षमा स्वागत गर्दै नेपालले नेपाल भ्रमण वर्ष २०२० मनाइरहेको सन्दर्भमा नेपाल भ्रमणमा आउनुभएकोमा खुसी व्यक्त गर्नुभयो ।

भेटका अवसरमा माननीय उपप्रधानमन्त्री तथा रक्षा मन्त्रीले नेपाल र बेल्जियमबीच लामो समयदेखि घनिष्ठ एवं मैत्रीपूर्ण सम्वन्ध रहेको र यो सम्वन्धलाई दुई देशबीच व्यापार, लगानी तथा पर्यटनको विस्तारमार्फत थप फराकिलो, प्रगाढ र प्रतिफलमुखी वनाउन आवश्यक रहेको कुरा बताउनुभयो। युरोपियन युनियनभित्रको एक महत्त्वपूर्ण राष्ट्र बेल्जियमसितको मैत्रीपूर्ण सम्बन्धलाई नेपालले सदैव उच्च महत्त्व दिएको कुरा उल्लेख गर्दै माननीय उपप्रधानमन्त्रीले बेल्जियम सरकारले नेपालको आर्थिक, सामाजिक विकासमा पुर्‍याएको सहयोगका लागि नेपाली जनता र नेपाल सरकारको तर्फबाट बेल्जियम सरकारलाई धन्यवाद व्यक्त गर्नुभयो । यस क्रममा उहाँले Princess Astrid अध्यक्ष रहनुभएको बेल्जियमको Damien Foundation ले नेपालका क्षयरोग तथा कुष्ठरोगबाट ग्रस्त बिरामीहरूको स्वास्थ्योपचारमा उपलव्ध गराएको सहयोग एवं यी रोगहरूलाई निर्मूल पार्न प्रदान गरेको सहायताको लागि आभार व्यक्त गर्नुभयो । उहाँले नेपाल बारुदी सुरुङ् मुक्त मुलुकका रूपमा रहेको र बारुदी सुरुङ्सम्वन्धी विस्फोटक पदार्थ उत्पादन र आपूर्तिमा प्रतिवन्ध लगाउने ओटावा महासन्धिलाई अनुमोदन गर्ने पक्षमा सकारात्मक रहेको विचार प्रकट गर्नुभयो । उहाँले लामो राजनैतिक संक्रमणपछि नेपालमा राजनीतिक स्थायित्व कायम भएको र अब मुलुकको ध्यान आर्थिक समृद्धितर्फ मोडिएको कुरा चर्चा गर्नुहुँदै वर्तमान सरकारले अघि सारेको "समृद्ध नेपाल, सुखी नेपाली" को सोचलाई कार्यान्वयनमा उतार्न सवै मित्रराष्ट्रहरूवाट सहयोगको अपेक्षा लिइएको विचार व्यक्त गर्नुभयो ।

भेटवार्ताका क्रममा बेल्जियमकी राजकुमारी HRH. Princess Astrid ले बेल्जियम र नेपाल लामो समयदेखि अत्यन्त असल मित्रको रूपमा रहेको चर्चा गर्दै नेपालमा हालका दिनमा राजनैतिक स्थिरता कायम भएकोमा खुशी व्यक्त गर्नुभयो । उहाँले आफू अध्यक्ष रहेको Damien Foundation ले विश्व स्वास्थ्य संगठनसँगको सहकार्यमा नेपाल लगायतका मुलुकहरूमा कुष्ठरोग र क्षयरोगको निवारणका क्षेत्रमा महत्त्वपूर्ण कार्य गरिरहेको र यसलाई आगामी दिनमा पनि निरन्तरता दिइने कुरा व्यक्त गर्नुभयो । नेपाल बारुदी सुरुङ्बाट मुक्त भएकोमा खुशी व्यक्त गर्दै उहाँले नेपाल चाँडै नै Ottawa Convention को पक्ष राष्ट्र बन्नेमा आफू आशावादी रहेको विचार व्यक्त गर्नुभयो । नेपाल र बेल्जियमबीच आगामी दिनमा आर्थिक सम्बन्धलाई थप मजवुत वनाउन दुई देशबीच व्यापार, लगानी, पर्यटन लगायतका क्षेत्रमा सहकार्य अभिवृद्धि गर्दै जान आवश्यक रहेको र यसका लागि आफूले सक्दो पहल गर्ने कुरा उहाँले भेटवार्ताका क्रममा व्यक्त गर्नुभयो ।

शिष्टाचार भेटका अवसरमा Princess Astrid का श्रीमान्, बेल्जियमका लागि नेपालका महामहिम राजदूत, रक्षा मन्त्रालय र परराष्ट्र मन्त्रालयका वरिष्ठ प्रतिनिधिहरूको समेत उपस्थिति रहेको थियो ।

(सन्तवहादुर सुनार)
सह-सचिव एवं प्रवक्ता

रक्षा मन्त्रालय,
सिंहदरवार, काठमाण्डौं
२०७६ माघ ७